नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

## सूचना

Ref.

कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७ बमोजिम युएइबाट नेपाल जानैपर्ने अवस्थामा रहेका नेपाली नागरिकहरूलाई चार्टर्ड उडानहरूमार्फत नेपाल फर्काउन यस राजदूतावासले सहजीकरण गरिरहेको बेहोरा सबैलाई अवगतनै छ ।

चार्टर्ड उडानको टिकट किनबेचका क्रममा तोकिएको हवाइ भाडा दर (नेपाल एयरलाइन्सको हकमा दुबइबाट काठमाडौंका लागि अमेरिकी डलर ३६०, हिमालय एयरलाइन्सको हकमा अबुधाबीबाट काठमाडौंका लागि अमेरिकी डलर ३८५ र अन्य एयरलाइन्सको हकमा सम्बन्धित एयरलाइन्सले तोकेबमोजिम) भन्दा बढी रकम असुल भइरहेको भन्ने गुनासो यस राजदूतावासमा प्राप्त भएको छ ।

यसरी तोकेको भन्दा बढी भाडा असुल नगर्न नगराउन सम्बन्धित सबैलाई सूचित गरिन्छ । साथै युएइमा रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूले पनि हवाइ टिकट खरिद गर्नुभन्दा अघि सम्बन्धित एयरलाइन्सहरूले आधिकारिक रूपमा तोकेको भाडादर के-कति हो राम्ररी बुझी आधिकारिक बिक्रेताबाट मात्रै टिकट खरिद गर्नुहुन अनुरोध गर्दछौं । साथै अनधीकृत समूहहरूले दिएको आश्वासनहरूमा परी तोकिएको भन्दा बढी रकम तिरी हवाइ टिकट खरिद नगर्न नगराउन सम्बन्धित सबैलाई सूचित गरिन्छ।

यदि कसैले अनधीकृत तवरबाट तोकिएभन्दा बढी रकम लिई हवाइ टिकट किनबेच गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने बेहोरासमेत जानकारी गराइन्छ ।

## Notice

**It is known to all that the Embassy has been facilitating the repatriation of Nepalis, who have been enduring difficulty during the time of COVID-19 pandemic, through chartered flights from the United Arab Emirates.**

**It has been brought to the Embassy's notice that the passengers are being charged more than the approved rate for the air tickets by the Government of Nepal (Nepal Airlines- 360 USD, Himalaya Airlines- 385 USD and in case of other airlines, as fixed by them).**

**All airlines, therefore, are notified to ensure that passengers are not charged more than the approved rate for the ticket.**

**All Nepali passengers willing to repatriate are also requested to buy tickets only through the authorized agencies of the respective airlines at the approved price.**

**The agencies found involved in charging more than the approved rate for the tickets will be made liable to legal action.**

नेपाली राजदूतावास,
अबुधाबी ।
१५ जुलाई २०२०